# १५ औं वार्षिक साधारण सभा सञ्चालक समितिको तर्फबाट
# सचिबद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन

**आदरनिय प्रमुख अतिथी ज्यु, बिशेष अतिथि ज्यू, अतिथी ज्युहरु, सम्पुर्ण शेयरधनी महानुभावहरु र उपस्थित अन्य भद्र महिला तथा सज्जन वृन्दहरु !**

सहकारी सिद्धान्त अनुसार सदस्यहरुलाई आफुले आर्जन गरेको आयबाट नियमित रुपले वचत गर्ने बानी बसाल्न उत्प्रेरित गरी संकलन भएको वचत रकमवाट आवश्यक भएका सदस्यहरुलाई सीपमुलक तथा आयआर्जन कार्यक्रम, दैनिक आवश्यक उपभोग्य सामाग्री खरिद विक्री लगायत आर्थिक संकट तार्न उचित व्याज दरमा ऋण लगानी गरी सदस्यहरुलाई आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उद्देश्यले यो संस्था मिति २०६६ असार २९ गतेका दिन डिभिजन सहकारी ऐन २०४८ वमोजिम डिभिजन सहकारी कार्यालयमा दर्ता भै स्थापना भएको हो । यस श्री योगदान उपभोक्ता सहकारी संस्था लि.को १५ औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पुर्ण महानुभावहरुमा सर्वप्रथम मेरो व्यक्तिगत तर्फबाट र संस्थाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

यस सहकारी संस्था लि.को स्थापनाकाल देखि आजसम्ममा संस्थालाई यो अवस्थासम्म ल्याउनका तपाई शेयर सदस्यहरुको योगदान अविस्मरणीय रहेको छ । संस्थालाई यो स्तरसम्म ल्याइ पुऱ्याउन सहयोग गर्नुहुने सवै पदाधिकारीहरु तथा सदस्यहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**<u>उपस्थित सदस्य मित्र तथा महानुभावहरु,</u>**

यस संस्थाको १४ औ वार्षिक साधारण सभावाट आ.ब. ०८०/८१ को लागी स्वीकृत भएका कार्यक्रमहरु सम्पन्न गरी निम्नानुसारको प्रगति हासिल गरेका छौ ।

**आदरणीय सदस्य महानुभावहरु, आ.व. २०८०।०८१ मा संस्थाले हासिल गरेका केही वित्तीय उपलब्धिहरुको विवरण यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।**

**<u>संस्थाको शेयर पूँजी</u>**

| | | |
|---|---|---|
| **८३,९४,५००** (२०७९।०८०) | **८३,६७,५००** (२०८०।०८१) | **(२७,०००.००)** (फरक) |

**<u>कुल निक्षेप</u>**

| | | |
|---|---|---|
| **८१,५१,१७५.१७** (२०७९।०८०) | **८७,३४,०४९.९९** (२०८०।०८१) | **५,८२,८७४.८२** (फरक) |

**कुल ऋण लगानी**

**९४,०१,९०७.००**
(२०७९।०८०)

**७५,०६,७३०.००**
(२०८०।०८१)

**(१८,९५,१७७.००)**
(फरक)

**जगेडा तथा अन्य कोष**

**११,१५,२०५.०१**
(२०७९।०८०)

**११,४७,३८३.९**
(२०८०।०८१)

**३२,१७८.८९**
(फरक)

**कुल नोक्सानी तथा नाफा (कर कट्टी अघि)**

**(५,२९,६२७.६६)**
(२०७९।०८०)

**३९,३२२.२४**
(२०८०।०८१)

**३९,३२२.२४**
(फाइदा)

**संस्थाको कुल सम्पत्ति**

**२,२८,८१,०२१.०७**
(२०७९।०८०)

**२,१२,१३,७९४.०६**
(२०८०।०८१)

**(१६,६७,२२७.०१)**
(फरक)

**आर्थिक वर्ष २०८०।०८१ मा भएको बचत**

| बचतको प्रकार | जम्मा गएको | व्याज |
|---|---|---|
| नियमित बचत | ४१,०४,४३०.५४ | ६ |
| ऐच्छिक बचत | १७,४३,३९८.२० | ४ |
| आवधिक/मुद्दति बचत | ५,००,०००.०० | १० |
| बाल वचत | १६,३०,८५०.०० | १६.५५ |
| विशेष बचत | ७,५५,३७१.२५ | ४ |
| जम्मा | ८७,३४,०४९.९९ | |

## आर्थिक वर्ष २०८०।०८१ मा भएको ऋण लगानी

| ऋणको प्रकार | जम्मा गएको | व्याज प्रतिशत |
|---|---|---|
| **साधारण ऋण** | ४,३०,०००.०० | १० |
| **अचल सम्पति जमानी ऋण** | ३२,२२,९६५.०० | १४ |
| **पदाधिकारी सिफारीस ऋण** | १६,९३,२७२.०० | १६ |
| **व्यवसाय ऋण** | १०,००,०००.०० | १६ |
| **विशेष (जमानी) ऋण** | ११,६०,४९३.०० | १२ |
| **जम्मा** | **७५,०६,७३०.००** | |

## सामाजिक कार्यक्रम अन्तगर्त भएको प्रगति

- यस सहकारीका शेयर सदस्य (०८) श्री नन्दरत्न तुलाधरका बुबा स्व. श्री नन्द गोपाल तुलाधरको स्वर्गारोहन हुँदा सहकारीको मृत्यू राहत कोषको नीति अनुसार राहत प्रदान गरियो ।
- यस सहकारीका शेयर सदस्य (१५७) श्री मञ्जु महर्जनका सासुआमा स्व. श्री हिरादेबी महर्जनको स्वर्गारोहन हुँदा सहकारीको मृत्यू राहत कोषको नीति अनुसार राहत प्रदान गरियो ।

## १४ औं बार्षिक साधारण सभामा एसइइमा सम्मानित भएका शेयर सदस्यका बालबालिकाहरु

- यस सहकारीका शेयर सदस्य (८७) श्री इन्दु महर्जन सुपुत्र श्री देबिस महर्जनलाई शेयर सदस्यका छोराहरु मध्ये उच्च अंक ल्याइ एसइइमा उत्तिर्ण हुनु भएकोमा नगद रु २५००। र प्रमाण पत्रबाट सम्मानित गरियो ।
- यस सहकारीका शेयर सदस्य (२५) श्री सानु डंगोलका सुपुत्री श्री सायरी डंगोललाई शेयर सदस्यका छोरीहरु मध्ये उच्च अंक ल्याइ एसइइमा उत्तिर्ण हुनु भएकोमा नगद रु २५००। र प्रमाण पत्रबाट सम्मानित गरियो ।


**सहकारीद्धारा गरिएको कार्यक्रमहरु**

- सहकारी संस्थाको बर्गिकरण अनुसार यस संस्था उपभोक्ता सहकारी संस्था भएकोले सहकारी ऐन २०७४ को दफा ५०(२) वमोजिम बचत तथा ऋणको कारोवार ३०% मा सिमित राखी संस्थाको उदेश्य अनुसारको मुख्य कारोवारमा ३०% भन्दा वढी पूँजी परिचालन गर्न योगदान उपभोक्ता सहकारी संस्था लि. ले आफ्नो विनियममा उल्लेखित उदेश्य अनुरुपका व्यावसायिक परियोजनाहरु संचालन गर्न योगदान सहकारी फर्म गठन गरी सो फर्म मार्फत मंका तेल मिल संचालन गरियो ।
- योगदान उपभोक्ता सहकारी संस्था लि. द्धरा संचालित मंका तेल मिललाई अझ व्यवस्थित गर्नको लागि उपसमितिको सक्रियतामा ललितपुर महानगरपालिकाका उपप्रमुख श्री मञ्जली शाक्य बज्राचार्य ज्यूको पहलमा रु ५०००००। बराबरको मेशीनरी सामाग्रीको लागि अनुदान प्राप्त भयो । सो अनुदान कार्यक्रमबाट गुणस्तरीय तोरीको तेल उत्पादन गरी नेपालको बिभिन्न ठाउँमा तेल बिक्री बितरण गर्न सहयोग मिलेको छ ।
- कृषक तथा शेयर सदस्यहरुलाइ कृषी गर्नको लागि सहज र सरलको लागि विगत बर्षमा झैं आ.व. २०८०/२०८१ म पनि रासायनिक मल र डिएपी बिक्रि वितरण गरेको थियो ।

**कार्य समितिको ७ बटा बैठकमा भएको जम्मा निर्णय र कार्यन्वयन**

जम्मा निर्णय: ३८

जम्मा निर्णय कार्यान्वयन: ३५




**धन्यवाद**
**बुद्धिरत्न डंगोल**
**सचिब**

# जय योगदान । जय सहकारी ।

**२०८१ पुष १३ शनिबार**

## ध्येय (Mission) :

सहकारीको मूल्य तथा सिद्धान्त बमोजिम सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि समुदायमा विशिष्ट पहिचान सहित गुणस्तरीय सेवा र उत्पादक प्रदायक अब्बल वित्तीय संस्था हुने ।

## परिकल्पना (Vision) :

राष्ट्रको उत्कृष्ट मध्यमा गर्ने वित्तीय सेवा तथा उत्पादनको लागि सदस्यहरुको र ग्राहकहरुको पहिलो रोजाईको सुरक्षित उपभोक्ता सहकारी ।

## मूल्य मान्यता (Core Values) :

**आधार मूल्यहरुः** स्वाबलम्बन, स्वः उत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता ।
**नैतिक मूल्यहरुः** इमान्दारिता, खुलापन, सामाजिक उत्तरदायित्व र सदस्य तथा ग्राहकको हेरचाह ।

## कार्यक्षेत्र (Working Area) :

ललितपुर महानगरपालिका, गोदावरी नगरपालिका

## सदस्य हित योजनाः

सदस्यहरुको दुःखमा सानो राहत सहयोग र खुशीको क्षणमा पुरस्कार तथा सम्मान गर्ने उद्देश्यले विगतका बर्षहरुदेखि सदस्य हित योजना अन्तर्गत तपसिलका कार्यक्रमहरु सञ्चालन गर्दैआइरहेको छ ।

**क) श्रद्धाञ्जली सहित राहतः**

संस्थाका सदस्य तथा सदस्यका एकाघर परिवारको सदस्यको मृत्य भएमा सम्बन्धित परिवारलाई मृत्यु भएको मितिले १३ दिन भित्र श्रद्धाञ्जली सहित राहत रु १५०० र जम्मा शेयरको ५ प्रतिशत प्रदान गरिने ।

**ख) प्रसुति सदस्य कोसेलीः**

महिला सदस्यलाई प्रसुती कोसेली स्वरुप रु २०००। प्रदान गरिने ।

**ग) एस.ई.ई. उतीर्ण सम्मानः**

एस.ई.ई. परिक्षामा सफल हुने सदस्यहरुका सन्ततिहरु मध्ये उत्कृष्ट भएका एक जना छात्रालाई रु. २५००। र एक जना छात्रलाई रु २५००। नगद पुरस्कार सहित सम्मान र अन्यलाई प्रमाणपत्रले सम्मान प्रदान गरिने ।